लुम्बिनी प्रदेश सरकार

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

# जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

पाल्पा

प.सं.: २०८२/८३

च.नं.

मितिः २०८३।०३।०९

## भुक्तानी सम्बन्धि अत्यन्त जरुरी सूचना।

श्री सम्बन्धित सरोकारवालाहरु, सबै।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(७) बमोजिम प्रदेश सरकारको हकमा आर्थिक बर्ष समाप्त हुनु ७ (सात) दिन अगावै महालेखा नियन्त्रक कार्यालयको विद्युतीय भुक्तानी प्रणाली बन्द हुने प्रावधान रहेको व्यहोरा सम्बन्धित सबैमा अवगत गराइन्छ। सो सम्बन्धमा यस डिभिजन कार्यालयबाट चालू आ.व. २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा गएका सालबसाली योजना तथा बहुबर्षिय योजनाका रुपमा संचालनमा रहेका योजनाहरुको हकमा निर्माण कार्यको भुक्तानी लिन बाँकी रहेको भएमा मिति २०८३।०३।१६ गते भित्र नै भुक्तानीका लागि आवश्यक प्रकृया (प्राविधिक मुल्याङ्कन, बिल भरपाइ तथा अन्य आवश्यक कागजात पेश गर्ने कार्य) पुरा गरी भुक्तानी प्राप्त गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। उल्लेखित मिति पश्चात् भुक्तानीका लागि प्राप्त निवेदनको हकमा महालेखा कार्यालयको विद्युतीय भुक्तानी प्रणालीमा अत्याधिक चापका कारण सर्भर डाउन भई भुक्तानी हुन नसकेको खण्डमा सो बाट पर्न जाने असुविधाका लागि यस डिभिजन कार्यालय जवाफदेही नहुने तथा सो को जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायी/उपभोक्ता समिति स्वयंले बहन गर्नुपर्ने व्यहोरा जानकारी गराईन्छ। साथै बहुबर्षिय ठेक्का बाहेकेकका सालबसाली योजनाको हकमा भुक्तानी हुन नसकेमा आगामी आ.व. मा समेत भुक्तानी हुन नसक्ने हुँदा सो तर्फ सचेत हुनुहुन अनुरोध गरीन्छ।

सुबोध गुरागाईं

डिभिजन प्रमुख

"कृषिको आधारः सिँचाइमा सुधार"

फोन नं: ०७५-५२००८१; इमेलः widd3.palpa@gmail.com

वेबसाइटः https://irrigationpalpa.lumbini.gov.np/